श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली बिराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐराम पट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

### त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ (यस पछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम त्रिभुवन विश्वविद्यालय (दोस्रो संशोधन) ऐन, २०२० रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उप-दफा (१) को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएकोछः–

(ख) एक प्रो. चान्सलर,

३. मूल ऐनको दफा ७ को खारेजीः– मूल ऐनको दफा ७ खारेज गरिएकोछ ।

४. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएकोछः–

(ख) प्रो. चान्सलर,

५. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उप–दफा (१) को सट्टा निम्नलिखित उप-दफा (१) राखिएकोछः–

(१) श्री ५ महाराजाधिराज विश्वविद्यालयको चान्सलर होइबक्सनेछ ।

५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को सट्टा निम्नलिखित दफा १० राखिएकोछः–

(१०) प्रो. चान्सलरः–(१) श्री ५ को शिक्षा मन्त्री पदेन विश्वविद्यालयको प्रो. चान्सलर हुनेछः–

तर शिक्षा मन्त्रीको स्थान रिक्त भएको अवस्थामा चान्सलरबाट योग्य देखिएको व्यक्तिलाई प्रो. चान्सलर पदमा नियुक्त गरिनेछ र शिक्षा. मन्त्रीको स्थान रिक्त भएको अवस्थासम्म मात्र निजले उक्त पदको काम सह्माल्नेछ।

(२) प्रो. चान्सलरको पद अवैतनिक हुनेछ।

(३) चान्सलरका अनुपस्थितिमा प्रो. चान्सलरले चान्सलरको कार्यभार सह्माल्नेछ।

७. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को सट्टा निम्नलिखित दफा ११ राखिएकोछः–

११. भाइस-चान्सलरः– (१) विश्वविद्यालयको भाइस-चान्सलर पदमा नियुक्तिका लागि सिफारिश पेश गर्नलाई चान्सलरबाट सिनेट र सिण्डिकेटको सदस्यहरू मध्येबाट तीन जनाको एक समिति गठन हुनेछ सो समितिले भाइस-चान्सलरको पदको लागि कम्तीमा तीन जनाको नामावली चान्सलर छेउ सिफारिश पेश गर्नेछ र सो सिफारिश उपर विचार भई चान्सलरबाट भाइस-चान्सलरको नियुक्त हुनेछ।

(२) भाइस-चान्सलरको पदावधि ५ वर्षको हुनेछ।

(३) कुनै कारणले भाइस-चान्सलरको स्थान बीचमा केही अवधिको लागि रिक्त हुन आएमा वा भाइस–चान्सलर आफ्नो कार्य सह्माल्न अनुपस्थित भएमा सो अवधिसम्मको लागि भाइस-चान्सलरको काम चलाउन सिण्डिकेटको सिफारिश उपर विचार भई चान्सलरबाट उचित प्रबन्ध हुनेछ। त्यस्तो प्रबन्ध नभएसम्म कोषाध्यक्षले भाइस-चान्सलरको काम चलाउनेछ।

(४) भाइस-चान्सलर पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ। निजको तलब भत्ता र सेवाको अरू शर्तहरू परिनियममा लेखिए अनुसार हुनेछ।

८. मूल ऐनको दफा १७ मा संशोधनः– (१) मूल ऐनको दफा १७ को उप-दफा (१) को खण्ड (क) को (२) को सट्टा निम्नलिखित (२) राखिएकोछः–

"(२) प्रो. चान्सलर,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनको दफा १७ को उप-दफा (१) को खण्ड (ख) को सट्टा निम्नलिखित खण्ड (ख) राखिएकोछः–

(ख) (१) नेपालको सर्वोच्च अदालतका प्रधान न्यायाधीश,

(२) एटर्नी जनरल,

(३) श्री ५ को सरकारको शिक्षा मन्त्रालयको प्रमुख,

(४) श्री ५ को सरकारको अर्थ मन्त्रालयको प्रमुख,

(५) उप-सचिव, उच्च शिक्षा अथवा शिक्षा मन्त्रीले तोकेको शिक्षा मन्त्रालयको सो सरह वा सोभन्दा माथिको पदाधिकारी,

(६) श्री ५ को सरकारको स्वास्थ्य सेवाका डाइरेक्टर,

(७) श्री ५ को सरकारको कृषि विभागका डाइरेक्टर,

(८) श्री ५ को सरकारको उद्योग विभागका डाइरेक्टर,

(९) श्री ५ को सरकारको चीफ इन्जिनियर वा डाइरेक्टर पब्लिक वर्क्स,

(१०) श्री ५ को सरकारको डाइरेक्टर सरहका वन विभागका विशेषज्ञ,

(११) श्री ५ को सरकारको पुरातत्त्व विभागका डाइरेक्टर।

९. मूल ऐनको दफा २० मा संशोधनः– मूल ऐनको दफा २० को उप-दफा (१) को खण्ड (१), (२), (३), (४) र (५) को सट्टा निम्नलिखित खण्ड (१), (२), (३), (४), (५) र (६) राखिएको छः–

(१) भाइस-चान्सलर पदेन सदस्य एवं सभापति,

(२) कोषाध्यक्ष, पदेन सदस्य,

(३) श्री ५ को सरकार, शिक्षा मन्त्रालयको प्रमुख,

(४) श्री उप-सचिव, उच्च शिक्षा अथवा शिक्षा मन्त्रीले तोकेको शिक्षा मन्त्रालयका सो सरह वा सोभन्दा माथिको पदाधिकारी,

(५) विश्वविद्यालय कलेजको प्रिन्सिपलहरू मध्येबाट परिनियममा तोकिए बमोजिम निर्वाचित दुई जना सदस्य,

(६) सिनेटले आफूमध्येबाट सिफारिश गरेकोमा विचार भई चान्सलरबाट मनोनीत भएका, डिन वा प्रिन्सिपल नभएका, चार जना सदस्यहरू।

१०. मूल ऐनको दफा ५६ पछि थप दफाः– मूल ऐनको दफा ५६ पछि निम्नलिखित ५६ क. थपिएकोछः–

५६ क. शिक्षा नीतिको निर्देशन दिने श्री ५ को सरकारको अधिकारः–

यस ऐनमा जेसुकै लेखिएको भए तापनि विश्वविद्यालयले अपनाउने उच्च शिक्षा सम्बन्धित नीतिको सम्बन्धमा श्री ५ को सरकारले आवश्यक परेमा निर्देशन दिनेछ र विश्वविद्यालयले त्यस्तो निर्देशनको पालन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको परिच्छेद ६ को खारेजीः– मूल ऐनको परिच्छेद ६ र सो परिच्छेदमा परेका दफा ५६ देखि ६३ सम्म खारेज गरिएकोछ ।

१२. अघि भएको काम कारवाइको मान्यताः– त्रिभुवन विश्वविद्यालयले २०१८ साल पौष २७ गतेदेखि गरेको काम कारवाइ यसै ऐन बमोजिम भए गरे सरह मानिनेछ ।

लालमोहर सदर मिति २०२०।५।१०।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०२० सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐराम पट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा–दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लालमोहर ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– लालमोहर ऐन, २०१५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम लालमोहर (संशोधन) ऐन, २०२० रहेकोछ ।

(२) या ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।